# उत्पादनमा आधारित प्रोत्साहन सहयोग कार्यक्रम सञ्चालन मापदण्ड, २०८०

मन्त्रीस्तरबाट स्वीकृत मिति:२०८०/०९/१३

**प्रस्तावना:**

गण्डकी प्रदेश सरकारले कृषि क्षेत्रलाई नीतिगत तथा कार्यगत तवरले संरक्षित क्षेत्रको रुपमा स्वीकार गरिरहेको सन्दर्भमा कृषि उपज उत्पादकहरुद्धारा उत्पादित गरेको कृषि उपजको बिक्री परिमाणको सुरु मूल्यको आधारमा उत्पादकहरुलाई प्रोत्साहन सहयोग गरी कृषि व्यावसायप्रति आकर्षण र उत्प्रेरित गर्दै कृषि उत्पादन क्षेत्रलाई नाफामूलक बनाई आयात व्यवस्थापनमा योगदान गर्ने उद्देश्यले **उत्पादनमा आधारित प्रोत्साहन सहयोग कार्यक्रम**को प्रभावकारी कार्यान्वयन गर्न "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७" को दफा ४० ले दिएको अधिकार प्रयोग गरी कृषि तथा भूमि व्यवस्था मन्त्रालय, गण्डकी प्रदेशले यो मापदण्ड बनाएको छ।

**१. प्राविधिक पक्ष**

(क) वार्षिक स्वीकृत कार्यक्रममा समावेश भएका बालीहरू उत्पादन गर्ने कृषक/कृषि फर्म/कृषि कम्पनी/कृषक समूह/कृषि सहकारीहरुलाई उत्पादनको सुरु बिक्री मूल्यको आधारमा कृषि सहकारी (कृषि उपज खरिदकर्ता) मार्फत प्रोत्साहन अनुदान उपलब्ध गराईनेछ।

(ख) कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले स्वीकृत कार्यक्रममा तोकिएका बालीहरुको कृषि उपज खरिद बिक्री गर्न ईच्छुक कृषि सहकारी संस्थाहरुको लागि अनुसूची-१ बमोजिमको ढाँचामा प्रस्ताव आह्वानको लागि सूचना प्रकाशन गर्नुपर्नेछ।

(ग) बाली विशेष अनुसार बाली उत्पादन समय फरक हुने भएकोले स्वीकृत बजेटको परिधिभित्र रही आवश्यकता बमोजिम प्रस्ताव आह्वान वर्षैभरी खुल्ला गर्न सकिनेछ।

(घ) ईच्छुक कृषि सहकारी संस्थाले अनुसूची-३ को उत्पादकको विवरण र कृषि उपज खरिद गर्ने व्यवसायिक योजनासहित अनुसूची-२ बमोजिमको निवेदन सम्बन्धित कार्यालयमा पेश गर्नुपर्नेछ।

(ङ) सम्बन्धित कार्यालयले कृषि उपजको खरिद सुनिश्चितताको लागि छनौट भएको कृषि सहकारीसँग अनुसूची-४ बमोजिम सम्झौता गर्नुपर्नेछ।

(च) कृषि उपज खरिदकर्ताले उत्पादकले बाली लगाए पश्चात बाली हार्भेष्ट वा कटानी हुनुभन्दा कम्तीमा एक महिना अगाडि सम्बन्धित कार्यालयलाई जानकारी गराई बाली उत्पादित क्षेत्रको स्थलगत निरीक्षण गर्ने व्यवस्था गर्नुपर्नेछ।

(छ) बिक्रीवितरण सम्बन्धी रेकर्ड तथा कृषकबाट खरिद गरेको कृषि उपजको आधिकारिक बील एक प्रति कृषकलाई दिई एक प्रति सम्बन्धित सहकारीले राख्ने व्यवस्था गर्नुपर्नेछ।

(ज) बिक्रीवितरणमा संलग्न कृषि सहकारीले कृषकबाट खरिद गरेको कृषि उपजको सुरु मूल्यमा बढीमा २० प्रतिशत मुनाफा गरी अर्को पक्षलाई बिक्री गर्न सक्नेछ।

(झ) कृषि सहकारी आफैं उत्पादक भएको हकमा आफ्नो उत्पादित कृषि उपजको परिमाण तथा क्षेत्रफल उत्पादक सरह नै सम्बन्धित कार्यालयलाई स्थलगत अनुगमन गराउने व्यवस्था गर्नुपर्नेछ।

(ञ) कृषि सहकारीले उत्पादकबाट देहाय बमोजिमको कृषि उपजको न्यूनतम परिमाण खरिद गरेको वा सहकारी स्वयंले उत्पादन गरी बिक्री गरेको हुनुपर्नेछ।

| क्र.स. | कृषि उपज विवरण | खरिद गर्ने न्यूनतम परिमाण मे.टन |
|---|---|---|
| १ | खाद्यान्न | मुख्य अन्नबाली- १० मे.टन (धान, गहुँ र मकै)<br>स्थानीय/रैथाने बाली- ०.५ मे.टन (कोदो, फापर, जौ) |

| | | |
|---|---|---|
| | | - ०.१ मे.टन (उवा, चिनो, कागुनो) |
| २ | दलहन | ०.५ मे.टन |
| ३ | तेलहन | ०.५ मे.टन |
| ४ | फलफूल | १० मे.टन |
| ५ | तरकारी | ५ मे.टन (हरियो सागपात- १ क्विन्टल) |
| ६ | आलु | १० मे.टन |
| ७ | च्याउ | १०० केजी |
| ८ | मह | १०० केजी |

**२ आर्थिक पक्ष**

(क) स्वीकृत वार्षिक बजेटको परिधिभित्र रही "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७" अनुसार कृषि उपज सुरु बिक्री मूल्यको आधारमा प्रोत्साहन सहयोग उपलब्ध गराउनुपर्नेछ।

(ख) कृषि उपजको खरिद बिक्री मूल्य सुनिश्चितताका लागि कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले लाभ-लागत विश्लेषण र स्थानीय तहको समन्वयमा सम्बन्धित बालीको बजार मूल्य विश्लेषण गरी निर्धारण गर्न वा तोक्न सक्नेछ।

(ग) खरिदबिक्रीमा संलग्न कृषि सहकारी संस्थाले कृषि उपज विक्रेता कृषकको विवरण, खरिद गरेको परिमाण र रकम खुलेको बिल सहित भुक्तानीको कार्यालयमा पेश गर्नुपर्नेछ।

(घ) खरिद गरेको सुरु मूल्यको आधारमा प्राप्त हुन आउने प्रोत्साहन सहयोग रकम सम्बन्धित कृषि सहकारीको बैंक खाता मार्फत उत्पादकलाई भुक्तानी हुने व्यवस्था गर्नुपर्नेछ। कृषि सहकारीको बैक खातामा भुक्तानी भएको बढीमा १० दिनभित्र उत्पादकले रकम प्राप्त गर्ने सम्झौतामार्फत सुनिश्चित गर्नुपर्नेछ।

(ङ) खरिद गर्ने कृषि सहकारीले उत्पादकलाई भुक्तानी गर्नुपर्ने प्रोत्साहन अनुदानको कूल रकमको बढीमा ५ प्रतिशतसम्म सञ्चालन खर्च बापत लिन सक्नेछ। कृषि सहकारी स्वयं उत्पादककर्ता भएको हकमा यो व्यवस्था लागु हुने छैन्।

**३. खरिदकर्ताले निवेदनसँग संलग्न गर्नुपर्ने कागजातहरुः**

(क) "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७" को दफा (१६) को उपदफा (३) बमोजिमका कागजातहरु।

(ख) कार्यक्रममा सहभागि हुने र मापदण्ड बमोजिम उत्पादकलाई प्रोत्साहन सहयोग उपलब्ध गराउने प्रतिबद्धता सम्बन्धमा कृषि सहकारी संस्थाको बैठक निर्णयहरु

(ग) अनुसूची-३ अनुसारको कृषकको विवरण सहितको कृषि उपज खरिद गर्ने व्यवसायिक योजना

(घ) सम्बन्धित स्थानीय तहको सिफारिस पत्र।

**४. प्रस्ताव मूल्याङ्कनका आधारः**

**(क) उत्पादनमा आधारित प्रोत्साहन सहयोग कार्यक्रममा संलग्न हुन ईच्छुक कृषि उपज खरिद गर्ने कृषि सहकारी संस्थाको मूल्याङ्कन आधारः**

| क्र.सं. | मूल्याङ्कनका आधारहरु | अंकभार |
|---|---|---|
| १. | **खरिद गर्ने परिमाण** | **२५** |
| क) | बुँदा १ (ञ) बमोजिमको न्यूनतम परिमाण खरिद गर्ने भएमा | २० |



गण्डकी प्रदेश सरकार
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
पोखरा, नेपाल

CamScanner

| | | |
|---|---|---|
| ख) | (क) बमोजिमको न्यूनतम खरिद परिमाण भएमा भन्दा बढी खरिद परिमाण गर्ने सुनिश्चितता भएमा सम्झौता भएमा २५ अंक प्रदान गरी प्रति १० प्रतिशत थप खरिद परिमाणमा लागि १ अंकका दरले थप गरी अधिकतम २५ अंकसम्म प्रदान गर्ने | २५ |
| २. | **विगतमा खरिदकर्ताको अवस्था** | १० |
| क) | पहिलेदेखि नै उत्पादकबाट खरिद गर्दै आएको | १० |
| ख) | हालसम्म उत्पादकसँग खरिद नगरेको | ५ |
| ३. | **खरिद कार्यमा कृषि उपज विविधिकरणको अवस्था** | १० |
| क) | रैथाने तथा स्थानीय बालीमा आधारित कृषि उपज खरिद गर्ने योजना भएको | १० |
| ख) | रैथाने र स्थानीय लगायत अन्य कृषि उपज खरिद गर्ने योजना भएको | ७ |
| ग) | रैथाने तथा स्थानीय बालीमा आधारित कृषि उपज खरिदलाई प्राथमिकतामा नराखिएको | ५ |
| ४. | **खरिदकर्ताको बजार पूर्वाधारको अवस्था** | १० |
| क) | खरिदकर्ताको आफ्नै व्यवस्थित भण्डारण, बिक्री स्थान वा कक्ष, ढुवानी साधन भएको | १० |
| ख) | क) मा उल्लिखित पूर्वाधारमध्ये कुनै दुई मात्र सुविधा भएको | ७ |
| ग) | क) मा उल्लिखित पूर्वाधारमध्ये दुई भन्दा कम पूर्वाधार भएको वा कुनै पनि नभएको | ५ |
| ५. | **उत्पादकको सहभागिताको अवस्था** | १० |
| क) | खरिदकर्ताले कृषि उपज खरिद गर्दा २० जना भन्दा बढी उत्पादक समावेश हुने अवस्था | १० |
| ख) | २० जना भन्दा कम उत्पादक सहभागी हुने अवस्था | ७ |
| ६. | **कृषि सहकारी संस्थामा आवद्ध सदस्यहरुको उत्पादनमा सहभागिताको अवस्था** | २५ |
| क) | सबै उत्पादकहरु कृषि सहकारीका आफ्नै सदस्यहरु रहको | २५ |
| ख) | उत्पादकहरुमध्ये कृषि सहकारीका ५० प्रतिशत सदस्यहरु रहेको | १५ |
| ग) | उत्पादकहरुमध्ये कृषि सहकारीका ५० प्रतिशत भन्दा कम सदस्यहरु रहेको वा कुनै पनि उत्पादक कृषि सहकारीको सदस्य नरहेको | १० |
| ७. | **कृषि उपज खरिद गर्ने व्यवसायिक योजना सम्बन्धी प्रस्ताव विश्लेषण (नवीनतम सोच, दिगोपना, बजार योजना) अंक १ देखि १० सम्म दिन सकिने** | १० |
| | **जम्मा** | १०० |

गण्डकी प्रदेश सरकार
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
पोखरा, नेपाल



CS CamScanner

## अनुसूची-१

**कृषि उपज उत्पादकलाई उत्पादनमा आधारित प्रोत्साहन अनुदान कार्यक्रममा सहभागी हुन इच्छुक कृषि सहकारी लागि प्रस्ताव आव्हानको ढाँचा**

.............................कार्यालयको आ.व. .............................को वार्षिक स्वीकृत **उत्पादनमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम** अनुसार उत्पादक(कृषक) मार्फत कृषि उपज खरिद गरी खरिद सुरु मूल्यको आधारमा उत्पादकलाई प्रोत्साहन अनुदान उपलब्ध गराउन इच्छुक कृषि सहकारी संस्थाहरुले अनुसूची-२ अनुसारको निवेदन सहित तोकिएका कागजातसहित कृषि उपज खरिद गर्नु कम्तीमा १ महिना अगावै यस ........................................कार्यालयमा पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ। साथै यस आ.व. को लागि प्रस्ताव पेश गर्ने अवधी...................महिना...........गतेसम्म रहने छ। विस्तृत जानकारीको लागि ........................................कार्यालयमा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ।

सम्पर्कका लागि ब्यक्तिको नाम......

सम्पर्क नं....

...........................

कार्यालय प्रमुखको नामः

सहि:

मिति:

गण्डकी प्रदेश सरकार
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
पोखरा, नेपाल



CamScanner

<u>अनुसूची-२</u>

**उत्पादनमा आधारित प्रोत्साहन सहयोग कार्यक्रममा सहभागी हुन इच्छुक कृषि सहकारी दिने निवेदनको ढाँचा**

मितिः

श्रीमान् प्रमुखज्यू,

कृषि ज्ञान केन्द्र/कार्यालय, ..........

**विषयः उत्पादनमा आधारित प्रोत्साहन सहयोग कार्यक्रममा कृषि उपज खरिदकर्ताको रुपमा सहभागी हुन पाउँ ।**

महोदय,

प्रस्तुत विषयमा तहाँ कार्यालयबाट मिति .............................मा प्रकाशित सूचना अनुसार हाम्रो कृषि सहकारी श्री.......................................................................... मार्फत उत्पादक(कृषक) बाट कृषि उपज खरिद गरी कृषि उपज खरिद परिमाणको सुरु मूल्यको आधारमा उत्पादकलाई प्रोत्साहन सहयोग प्रदान गर्ने कार्यक्रममा सहभागी हुन इच्छुक भएकोले तपसिलको विवरण सहित यो निवेदन पेश गरेको व्यहोरा अनुरोध गर्दछु/गर्दछौ।

<u>तपसिल</u>

१) कृषि सहकारीको दर्ता प्रमाणपत्रः
२) कर चुक्ता प्रमाणपत्र :
३) कार्यक्रममा सहभागि हुने र मापदण्ड बमोजिम उत्पादकलाई प्रोत्साहन सहयोग उपलब्ध गराउने प्रतिबद्धता सम्बन्धमा कृषि सहकारी संस्थाको बैठक निर्णयहरु
४) अनुसूची-३ बमोजिमको उत्पादकको विवरण तथा कृषि उपज खरिद गर्ने व्यवसायिक योजना
५) सम्बन्धित स्थानीय तहको सिफारिस

पेश गर्ने प्रस्तावकको:

नामः.............................

पदः

दस्तखतः.....................

छापः

सम्पर्क नं...............

गण्डकी प्रदेश सरकार
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
पोखरा, नेपाल

## अनुसूची-३

### प्रस्तावक (खरिदकर्ता) ले पेश गर्नुपर्ने कृषि उपज खरिद गर्ने व्यवसायिक योजनाको ढाँचा

**(क) प्रस्तावकको संक्षिप्त परिचय:**

| | |
|---|---|
| आवेदकको नाम: | ठेगाना: |
| कृषि सहकारीको नाम: | अध्यक्षको नाम<br>सम्पर्क नं. |

**(ख) कृषि सहकारी संस्थाको विवरण तथा व्यावसायिक अनुभव:**

| क्र.स. | विवरण | परिमाण |
|---|---|---|
| १ | कृषि सहकारी संस्थाको सदस्य संख्या | |
| २ | सम्बन्धित कृषि सहकारी संस्थामा आवद्ध कृषि उपज उत्पादकहरुको संख्या | |
| ३ | सम्बन्धित कृषि सहकारी संस्थामा आवद्ध नभएका कृषि उपज उत्पादकहरुको संख्या: | |
| ४ | कृषि उपज बजारीकरणको लागि आवश्यक पूर्वाधारको अवस्था (भण्डारण, बिक्री कक्ष/स्थान, ढुवानी साधन आदि) | |
| ५ | खरिद गरिने अनुमानित परिमाण (मे.टन) | |
| ६ | कृषि उपज खरिद बिक्री गरेको अनुभव (वर्षमा) | |
| ७ | गत वर्षमा सहभागी उत्पादकको संख्या | |
| ८ | हालसम्म खरिद बिक्री भएका कृषि उपजहरु: | |
| ९ | विगतमा कृषि उपज खरिद बिक्री कारोबार गरेको भए गत वर्षको अनुमानित कारोबार परिमाण (मे.टन.): | |
| १० | गत वर्षको अनुमानित कारोबार रु.: | |
| ११ | संस्थाले खरिदबिक्री गर्ने मूख्य स्थानहरु: | |
| १२ | यस वर्ष खरिद गर्न सक्ने अनुमानित परिमाण मे.टन. | |
| १३ | कृषि सहकारीको आफ्नै उत्पादन भएमा यस वर्षको क्षमता परिमाण (मे.टन) | |

गण्डकी प्रदेश सरकार
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
पोखरा, नेपाल

ग) कृषि उपज उत्पादकहरुको विवरण

| क्र.स. | नाम थर | ठेगाना | फोन नं. | उत्पादन हुने स्थान | उत्पादित क्षेत्रफल रोपनी | उत्पादन हुने कृषि उपज | अनुमानित उत्पादन क्षमता मे.टन |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २ | | | | | | | |

घ) कृषि सहकारीबाट खरिद गर्ने कृषि उपजको विवरण

| खरिद गर्ने कृषि उपजको विवरण | खरिद गर्ने बार्षिक अनुमानित परिमाण मे.टन | उत्पादकलाई कृषि उपज खरिद गरेबापत प्रस्तावित खरिद प्रस्तावित मूल्य रु. | खरिद गर्ने अनुमानित मिति |
|---|---|---|---|
| अ. खाद्यान्नबाली | | | |
| धान (स्थानीय/उन्नत) | | | |
| गहुँ | | | |
| मकै | | | |
| कोदो | | | |
| फापर | | | |
| उवाँ | | | |
| अन्य | | | |
| आ. तरकारी (हिउदे/वर्षे/हरिया सागपात) | | | |
| इ. फलफूलहरु (सबै प्रकारका) | | | |

(ग) कृषि उपज बजारीकरण व्यवस्थापनको दिगोपना तथा नवीनतम सोच भएमा उल्लेख गर्नुहोस्

गण्डकी प्रदेश सरकार
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
पोखरा, नेपाल



CamScanner

## अनुसूची-४

### उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रम कार्यान्वयन गर्ने कार्यालय र कार्यक्रममा सहभागी हुन इच्छुक कृषि उपज खरिदकर्ता (कृषि सहकारी संस्था) बीच नमूना सम्झौता ढाँचा

*(सम्झौता सम्बन्धित कार्यालयले आवश्यकता र औचित्यको आधारमा परिमार्जन गरी सम्झौता गर्न सक्नेछ)*

श्री..........................................................कार्यालय (यस पछि पहिलो पक्ष भनिने) र कृषि उपज खरिदकर्ता श्री..........................................................कृषि सहकारी संस्था (यस पछि दोश्रो पक्ष भनिने) बीच दोस्रो पक्षले उत्पादकबाट कृषि उपज खरिद गरी उत्पादकलाई खरिद परिमाणको सुरु मूल्यको आधारमा प्रोत्साहन सहयोग उपलब्ध गराउनको लागि देहायका शर्तमा मन्जुर भई यो सम्झौता गरी एक-एक प्रति सम्झौता लियौं दियौं।

**शर्तहरु**

१. यो सम्झौता सम्झौता भएको दिनदेखि लागु भएको मानिनेछ।
२. सम्झौताको म्याद मिति ................. सालको ........... महिना... गतेसम्म कायम रहने छ।
३. दोस्रो पक्षले प्रस्तावसहित उपलब्ध गराएको उत्पादक विवरणको आधारमा उत्पादकहरुबाट मापदण्डमा तोकिएको न्यूनतम परिमाणको कृषि उपज खरिद गर्नुपर्नेछ।
४. कृषि उपज खरिद गरेको सुरु खरिद मूल्यको आधिकारिक बील र उत्पादकहरुले दोस्रो पक्षले पेश गरेको मूल्य र परिमाण सही हो भनी गरिएको भरपाईको आधारमा पहिलो पक्षले दोस्रो पक्षको खातामा रकम भुक्तानी गर्नेछ। दोस्रो पक्षले भुक्तानीबाट प्राप्त गरेको रकम १० दिनभित्र सम्बन्धित उत्पादकहरुलाई उपलब्ध गराउनुपर्नेछ।
५. दोस्रो पक्षले उत्पादकले प्राप्त गर्ने प्रोत्साहन अनुदान रकमबाट बढीमा पाँच प्रतिशतसम्म मात्र सञ्चालन खर्च कट्टा गर्न पाउनेछ।
६. दोस्रो पक्षले उत्पादकबाट खरिद गरेको कृषि उपजको सुरु मूल्यमा बढीमा बीस प्रतिशत मूल्य वृद्धि गरी बिक्री वितरण गर्न पाउनेछ।
७. दोस्रो पक्षले उत्पादकहरुले खेती गरेको बाली तथा क्षेत्रफल यकीन गराउन बाली हार्भेष्ट हुनुभन्दा करिब १ महिना अगाडि जानकारी गराई स्थालगत अनुगमन गराउने व्यवस्था गराउनुपर्नेछ।
८. उल्लेखित शर्तहरु पालना गर्नु दुवै पक्षको कर्तव्य हुनेछ।
९. यस सम्झौतामा उल्लेख भएका विषय यसै बमोजिम र उल्लेख नभएका अन्य विषयहरु प्रचलित कानून बमोजिम हुनेछ।

**उल्लेखित शर्तहरु मन्जुर गरी सहिछाप गर्ने**

| पहिलो पक्षको तर्फबाट | दोश्रो पक्षको तर्फबाट |
|---|---|
| दस्तखतः<br>मिति<br>नाम थरः<br>पदः<br>ठेगाना<br>कार्यालयः | दस्तखतः<br>मिति<br>नाम थरः<br>पदः<br>ठेगाना<br>संस्थाः |
| सम्पर्क व्यक्तिः<br>नामः<br>सम्पर्क नं: | सम्पर्क व्यक्तिः<br>नामः<br>पदः<br>ईमेलः |

इति सम्वत् .............. साल .................. महिना ..... गते रोज ...... शुभम् ।

**बोधार्थः**

श्री ............................................



CamScanner